# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार
# उच्चायुक्तको कार्यालय, नेपाल
# र
# राष्ट्रिय दलित आयोग

संयुक्त प्रेस विज्ञप्ति – २०६६ माघ १९

---

**उच्चायुक्तको कार्यालय-नेपालका प्रतिनिधिद्वारा**
**राष्ट्रिय दलित आयोगका नवनियुक्त अध्यक्ष तथा सदस्यहरूसँग भेटवार्ता**

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले राष्ट्रिय दलित आयोगका नवनियुक्त अध्यक्ष बिजुल विश्वकर्मा तथा आयोगका सदस्यहरूसँग आज भेटवार्ता गर्नुभयो।

नेपालस्थित उच्चायुक्तको कार्यालयका प्रमुखले ६ महिनाभन्दा बढी समयदेखि खाली रहेका पदहरूमा भएको नयाँ नियुक्तिले आयोग थप बलियो भएको तथ्यको स्वागत गर्नुभयो। दलितका मानवअधिकारसम्बन्धी मुद्दाहरूलाई प्रभावकारी ढङ्गले सम्बोधन गर्न र जातीय भेदभावलाई सुल्झाउन राष्ट्रिय दलित आयोगलाई बलियो बनाउने कार्यमा सघाउन गर्न सकिने संयुक्त प्रयासहरूमा छलफल मुख्य रूपमा केन्द्रित थियो। यसमा आगामी महिनाहरूमा राष्ट्रिय दलित आयोगलाई प्रभावकारी कार्यदिश उपलब्ध गराउने कानुन पारित, आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि, जातीय भेदभावबाट पीडितहरूका लागि न्यायमा पहुँचलगायत दलित अधिकारसम्बन्धी मुद्दाको संयुक्त अनुगमन तथा मुलुकभर राष्ट्रिय दलित आयोग र दलित नागरिक समाज सञ्जालबीच सम्पर्क निर्माणमा सहयोग सुनिश्चित गर्ने कुरा पर्दछन्।

बैठकको अन्त्यमा, नेपालस्थित उच्चायुक्तको कार्यालयका प्रमुखले राष्ट्रिय दलित आयोगको काठमाडौंस्थित कार्यालयमा मानवअधिकार स्रोत केन्द्र स्थापना गर्न आयोगलाई मानवअधिकारसम्बन्धी स्रोत सामग्रीहरू हस्तान्तरण गर्नुभयो।

> “नेपालमा दलितका अधिकारहरूको संरक्षण तथा प्रवर्द्धन गर्न पूर्ण रूपमा सक्षम एक सशक्त र प्रभावकारी राष्ट्रिय दलित आयोग सुनिश्चित गर्ने काम गर्न उच्चायुक्तको कार्यायल-नेपाल प्रतिबद्ध छ,” रिचर्ड बेनेटले भन्नुभयो। बिजुल विश्वकर्माले पनि “इतिहासदेखि नै रहिआएको दलितहरूको बहिष्करणलाई सम्बोधन गर्न र भविष्यमा अन्य नेपालीहरू सरह समान अवसरको उपभोगमा उनीहरूलाई सघाउन आयोग सक्षम हुने” आशा व्यक्त गर्नुभयो। वहाँले नेपालमा दलित अधिकारको संरक्षण तथा प्रवर्द्धनमा उच्चायुक्तको कार्यालय-नेपालसँगको भावी सहकार्यको समेत स्वागत गर्नुभयो।



For further information contact Chun B. Gurung, Tel: 4280164,
Ext. 320; 98510 16937 (mobile), cgurung@ohchr.org